नेपाल सरकार

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

विकास सहायता समन्वय शाखा

प.सं. २०७५/०७६ (विसस) चलानी संख्याः ३८७

मितिः२०७५।१०।१४

विषयःआवश्यक सहयोग र समन्वय गरी दिने सम्वन्धमा।

श्री भक्तपुर नगरपालिका, भक्तपुर
श्री किर्तिपुर नगरपालिका, काठमाण्डौ
श्री टोखा नगरपालिका, काठमाण्डौ
श्री महालक्ष्मी नगरपालिका, ललितपुर
श्री नमोवुद्ध नगरपालिका, काभ्रेपलाञ्चोक
श्री रोशी गाँउपालिका, काभ्रेपलाञ्चोक

प्रस्तुत विषयमा नेपाल सरकार र विश्वबैंक बीचको सहकार्यमा संघ, प्रदेश तथा स्थानीय तहको संस्थागत क्षमता विकासको आवश्यक्ता पहिचान सम्वन्धी अध्ययन कार्य भैरहेको व्यहोरा निवेदन गर्दछु । उक्त अध्ययनका लागि सर्भेक्षकलाई स्थलगत रुपमा सम्वन्धित निकायमा पठाई निर्धारित प्रश्नावली अनुसारको सूचना संकलन गर्ने कार्यक्रम रहेको छ । यस पूर्व निर्धारित प्रश्नावली केहि स्थानीय तहमा गई पूर्व परिक्षण (Pre-test) गर्नुपर्ने भएकोले उक्त पूर्व परिक्षणका लागि ताँहा नगरपालिका र गाँउपालिका छनौट भएको व्यहोरा जानकारी गराउन चाहन्छु । उक्त पूर्व परिक्षणका लागि नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान (NASC) को टोली मिति २०७५।१०।१५ देखि मिति २०७५।१०।१७ गते सम्म ताँहा नगरपालिका र गाँउपालिकामा आउने कार्यक्रम रहेकोले उक्त टोलीलाई आवश्यक सहयोग ,समन्वय र सहजिकरण गरिदिन हुन निर्णयानुसार अनुरोध गर्दछु ।

०६२।१०।१४
(लेखनाथ भट्टराई)
शाखा अधिकृत

थप जानकारीको लागिः त्रिलोचन पोखरेल (मोवाईल नं.९८४१५०२०६१)र तुलसी सिग्देल (मोवाईल नं. ९८४१३७७२७३)सँग सम्पर्क गर्न हुन अनुरोध छ ।

वोधार्थः

श्री सूचना तथा प्रविधि शाखा,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (पत्र मन्त्रालयको वेवसाईटमा अपलोड गरिदिन हुन अनुरोध छ)